# राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८०

मन्त्रालयबाट स्वीकृत मिति : २०८०।११।१८

<u>प्रस्तावना</u> : राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिश गर्न आवश्यक भएकोले,-

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा १७ को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो कार्यविधिको नाम "राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अख्तियारवाला" भन्नाले नियुक्ति दिने पदाधिकारीलाई सम्झनु पर्छ।

(ख) "आदेश" भन्नाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० सम्झनु पर्छ।

(ग) "उपसमिति" भन्नाले आदेशको दफा ६ को उपदफा (२) बमोजिम गठन हुने उपसमिति सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(च) "सचिवालय" भन्नाले आदेशको दफा ६ को उपदफा (२) बमोजिम गठन हुने उपसमितिको सचिवालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले आदेशको दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

३. <u>कार्यकारी निर्देशकको न्यूनतम योग्यता र कार्य अनुभव</u> : आदेशको दफा ६ को उपदफा (३) बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ वा कानून विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैरसरकारी संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा सङ्गठित संस्थामा अधिकृतस्तरको पदमा रही श्रम, रोजगार, उद्योग, वाणिज्य, व्यापार, प्रशासन, राजस्व, इञ्जिनियरिङ, व्यवस्थापन वा व्यावसायिक तालिमको क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको र आवेदन दिने अन्तिम मितिसम्ममा चालीस वर्ष उमेर



सदस्य-सचिव

अध्यक्ष

पुगेको व्यक्ति समितिको प्रशासकीय प्रमुखको रुपमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदको उम्मेदवार हुन सक्नेछ।

४. **उपसमितिको काम कर्तव्य र अधिकार** : आदेशको दफा ६ को उपदफा २ बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आवेदन आह्वान गरी सूचना प्रकाशन गर्नु पर्नेछ,

(ख) आवेदन दर्ता गरेका उम्मेदवारहरू मध्ये उपलब्ध भएसम्म उत्कृष्ट छ जना उम्मेदवारहरुको वर्णानुक्रमका आधारमा सूची तयार गरी सो सूचीमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीको लागि मिति, समय र स्थान तोकी सोको सूचना दिनु पर्नेछ,

(ग) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने,

(घ) अन्तर्वार्ता लिने,

(ङ) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन तथा प्रस्तुतीकरण र अन्तर्वार्ता लिने प्रयोजनका लागि उपसमितिले आवश्यक्ता अनुसार सम्बन्धित विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ,

(च) उपसमितिले उम्मेदवारको शैक्षिक योग्यता, अनुभव, व्यावसायिक कार्ययोजना प्रस्तुतिकरण एवं अन्तर्वाताका आधारमा बढीमा उत्कृष्ट तीनजना उम्मेदवार छनौट गरी नियुक्तिका लागि वर्णानुक्रमका आधारमा सिफारिस गर्नु पर्नेछ।

५. **आवेदन आह्वान गर्नु पर्ने** : (१) शुरुमा नियुक्त हुने, रिक्त भएको वा हुने कार्यकारी निर्देशकको पदपूर्तिका लागि उपसमितिले १५ दिनको म्याद दिई नेपाली राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र उक्त सूचना र सो सँग सम्बन्धित विवरणहरु मन्त्रालय र प्रतिष्ठानको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) मा उल्लेख गरिएको अवधिभित्र तीनवटा भन्दा कम आवेदन परेमा उक्त आवेदनलाई कायमै राखी म्याद सकिएको तीन दिनभित्र सात दिनको थप म्याद दिई आवेदनका लागि पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम थप भएको म्यादभित्र थप आवेदन प्राप्त नभएमा जति आवेदन प्राप्त भएको छ सोही बमोजिम नै नियुक्तिको प्रकृया अगाडि बढाउन बाधा पर्ने छैन।

(४) सूचनाको ढाँचा अनुसूची-१ तथा आवेदनको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

६. **आवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु** : (१) आदेशको दफा ६ को उपदफा (३) बमोजिम योग्यता पुरा गरेका इच्छुक उम्मेदवारले आवेदनसाथ हालसालै खिचिएको दुईप्रति पासपोर्ट साइजको फोटो सहित देहाय बमोजिमका कागजात तथा विवरणहरुमा आफैले हस्ताक्षर गरी पेश गर्नु पर्नेछः-

(क) सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर/कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण,



सदस्य-सचिव

अध्यक्ष

(ख) शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलीपि,

(ग) अनुभव र व्यावसायिक अनुभवको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम आवेदनसाथ देहायको विवरण सहितको स्वघोषणा पेश गर्नु पर्नेछ।

(क) समितिसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,

(ख) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको वा कर चुक्ता गरेको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(घ) साहुको दामासाहिमा नपरेको, किर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(च) प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको।

७. <u>व्यावसायिक कार्ययोजना</u> : उम्मेदवारले आवेदनसाथ देहायको विषयक्षेत्र समेट्ने गरी कम्तिमा पाँचहजार शब्दमा अग्रेजी वा नेपाली कुनै एक भाषामा व्यावसायिक कार्ययोजना पेश गर्नु पर्नेछः-

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम वजारको मागमा आधारित व्यावसायिक तालिम तथा सीप विकासका क्षेत्रमा समसामयिक स्थिति तथा प्रवृत्ति विश्लेषण (Trend Analysis),

(ख) व्यावसायिक तालिम तथा सीप विकासको क्षेत्रमा नेपाल सरकारका विभिन्न निकायहरुले सञ्चालन गरेका कार्यक्रम, परियोजना र अपेक्षित परिणामबीचको अन्तर विश्लेषण (Gap Analysis),

(ग) व्यावसायिक तथा सीप विकासको अवधारणा, आर्थिक विकासमा यसको योगदान र विद्यमान अवस्थाको विश्लेषण (SWOT Analysis),

(घ) दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्नका लागि आवश्यक पर्ने प्रशिक्षण कार्यक्रम सञ्चालनका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तथा कार्ययोजना।

८. <u>छनौट प्रकृया</u> : (१) म्यादभित्र सचिवालयमा प्राप्त आवेदन तथा कागजातहरु उपसमितिमा पठाउनु पर्नेछ।

(२) प्राप्त आवेदन तथा कागजातहरु उपसमितिमा पठाउदा आवेदकले पेश गरेको आवेदन र सिलबन्दी गरी पेश गरेको व्यावसायिक कार्ययोजना पुनः सिलबन्दी गरी पठाउनु पर्नेछ।

(३) सचिवालयले सिलबन्दी गरी पेश गरेको आवेदन तथा कार्ययोजना आवेदन पेश गर्ने अन्तिम म्यादपछि बस्ने उपसमितिको पहिलो बैठकमा खोल्नु पर्नेछ।

(४) आवेदन दिनु पर्ने अन्तिम म्याद समाप्त भएपछि छनौट उपसमितिले शैक्षिक योग्यता, अनुभव तथा कार्ययोजनाको मूल्याङ्कनको आधारमा उपलब्ध भएसम्म उत्कृष्ट छ जना



सदस्य-सचिव

अध्यक्ष

उम्मेदवारहरुको वर्णानुक्रमका आधारमा सूची तयार गरी सो सूचीमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि मिति, समय र स्थान तोकी बढीमा पन्ध्र दिनको सूचना दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम तोकिएको मितिमा अन्तर्वार्ता र कार्ययोजना प्रस्तुतीका लागि उपस्थित नहुने उम्मेदवारलाई पछि सहभागी गराइने छैन।

९. **छनौटका आधारहरू** : (१) उम्मेदवारहरूको सिफारिस गर्न सिफारिस उपसमितिले देहायका छनौटका आधारहरूलाई अनुसूची-३, अनुसूची-४, अनुसूची-५ र अनुसूची-६ को फारम बमोजिम मूल्याङ्कन गरिनेछ:-

(क) पूर्णाङ्क-१००

| | | |
|---|---|---|
| (१) | शैक्षिक योग्यता | २० अङ्क |
| (२) | अनुभव | ३० अङ्क |
| (३) | व्यावसायिक कार्ययोजना | ५० अङ्क |
| | जम्मा | १०० अङ्क |

(ख) पूर्णाङ्क-५०

| | | |
|---|---|---|
| (१) | कार्ययोजना प्रस्तुतीकरण | ३० अङ्क |
| (२) | अन्तर्वार्ता | २० अङ्क |
| | जम्मा: | ५० अङ्क |

(२) उपदफा (१) को खण्ड "क" बमोजिमको मूल्याङ्कन पश्चात बढीमा उत्कृष्ट छ जना उम्मेदवारहरुको वर्णानुकमानुसार सूचि तयार गर्ने र निजहरुको मूल्याङ्कन परिणामलाई उपदफा (१) को खण्ड "ख" को मूल्याङ्कन परिणाम नआउन्जेल सिलबन्दी गरी गोप्य राख्नु पर्नेछ।

१०. **शैक्षिक योग्यताको अङ्क गणना** : (१) मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इन्जिनियरिङ वा कानून विषयमा स्नातकोत्तर उपाधिलाई न्युनतम शैक्षिक योग्यता मानी सो वापत वीस अङ्क प्रदान गरिनेछ र विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्वबिद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अङ्क गणना अनुसूची-७ बमोजिमको फारम प्रयोग गरिनेछ।

११. **अनुभवको मूल्याङ्कन** : (१) सरकारी वा गैरसरकारी संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा सङ्गठित संस्थामा अधिकृत स्तरको पदमा रहि श्रम, रोजगार, उद्योग, वाणिज्य, व्यापार, प्रशासन, राजस्व, इन्जिनियरिङ, व्यवस्थापन वा व्यावसायिक तालिमका क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव वापत प्रति वर्ष दुई अङ्कको दरले जम्मा वीस अङ्क प्रदान गरिनेछ र दश वर्ष भन्दा बढी अवधिको अनुभवको लागि प्रति वर्ष एक अङ्कका दरले बढीमा कूल दश अङ्कसम्म दिइनेछ।

(२) उपदफा (१) बमोजिमको अङ्क गणना अनुसूची-७ बमोजिमको फारम प्रयोग गरिनेछ।



सदस्य-सचिव

अध्यक्ष

१२. **व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन** : उम्मेदवारले पेश गरेको व्यावसायिक कार्ययोजना वापत देहाय बमोजिम बढीमा पचास अङ्क प्रदान गरिनेछः-

(क) व्यावसायिक तथा सीप विकास क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय समसामयिक स्थिति तथा प्रवृत्ति विश्लेषण (Trend Analysis) -१० अङ्क

(ख) नेपाल सरकारका विभिन्न निकायहरुले सञ्चालन गरेका कार्यक्रम, परियोजना र अपेक्षित परिणामबीचको अन्तर विश्लेषण (Gap Analysis), -१० अङ्क

(ग) व्यावसायिक तथा सीप विकासको अवधारणा, आर्थिक विकासमा यसको योगदान, र विद्यमान अवस्थाको SWOT Analysis, -१० अङ्क

(घ) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको प्रभावकारी सञ्चालन, व्यवस्थापनको भावी रणनीति, कार्यनीति र सोको कार्यान्वयन कार्ययोजना -२० अङ्क

१३. **उम्मेदवारको संक्षिप्त सूची प्रकाशन** : दफा ९ को खण्ड (क) बमोजिमका आधारहरूको मूल्याङ्कनबाट अधिकतम अङ्क प्राप्त गर्ने बढीमा छ जना उम्मेदवारहरूलाई खण्ड (ख) बमोजिमका आधारहरूको मूल्याङ्कनका लागि संक्षिप्त सूची तयार गरी प्रकाशन गरिनेछ।

१४. **व्यावसायिक योजनाको प्रस्तुतीकरण र मूल्याङ्कन** : (१) दफा ९ को खण्ड (क) बमोजिमको मूल्याङ्कनबाट संक्षिप्त सूचीमा समावेश भएका उम्मेदवारहरूलाई खण्ड (ख) बमोजिमका आधारहरूमा मूल्याङ्कनका लागि समावेश हुन जानकारी गराइनेछ।

(२) कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कन गर्दा उपसमितिका प्रत्येक सदस्य र आमन्त्रित विज्ञले प्रदान गरेको अङ्कको औषत अङ्क दिइनेछ र अङ्क प्रदान गर्दा सामान्यतया बढीमा सत्तरी प्रतिशत र घटिमा चालीस प्रतिशत सीमाभित्र अङ्क प्रदान गर्नु पर्नेछ र सो भन्दा घटी वा बढी अङ्क दिनु परेमा स्पष्ट कारण खोल्नु पर्नेछ।

(३) प्रस्तुतीकरणमा सूचना प्रविधिको उपयोग, व्यावसायिक योजनाको अवधारणात्मक स्पष्टता, सूचनाहरूको विश्लेषण क्षमता, आत्मविश्वासको तह, प्रस्तुतीकरण शैली र सीप, समय पालना र अनुशासन, समस्याको पहिचान र सुधारका लागि भविश्यपरक दृष्टिकोण, कार्यान्वयन कार्ययोजना र मूल्याङ्कन बिधि, नेतृत्व क्षमता जस्ता पक्षहरू मूल्याङ्कन गरिनेछ।

१५. **अन्तर्वार्ता** : अन्तर्वार्ताको मूल्याङ्कन गर्दा उपसमितिका प्रत्येक सदस्य र आमन्त्रित विज्ञले प्रदान गरेको अङ्कको औषत अङ्क दिइनेछ र अङ्क प्रदान गर्दा सामान्यतया बढीमा सत्तरी प्रतिशत र घटिमा चालीस प्रतिशत सीमाभित्र अङ्क प्रदान गर्नु पर्नेछ र सो भन्दा घटी वा बढी अङ्क दिनुपरेमा स्पष्ट कारण खोल्नु पर्नेछ।

अङ्क प्रदान गर्दा प्रस्तुतीकरण, आत्मविश्वास, अन्तरवैयक्तिक सीप, समस्या समाधानको कौशल, सकारात्मक सोच, नेतृत्व क्षमता, विषयवस्तुको ज्ञान जस्ता पक्षको मूल्याङ्कन गरिनेछ।

१६. **उम्मेदवारको प्राप्ताङ्क र योग्यताक्रम निर्धारण** : संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूले दफा ९ को खण्ड (क) मा प्राप्त अङ्क र खण्ड (ख) मा प्राप्त गरेको अङ्कको जोडजम्मा गरी उम्मेदवारले प्राप्त



सदस्य-सचिव

अध्यक्ष

गरेको कुल अङ्कको आधारमा अनुसूची-८ बमोजिमको ढाँचामा निजहरुको योग्यताक्रम निर्धारण गरिनेछ ।

१७. <u>सिफारिश र नियुक्ति सम्बन्धी व्यवस्था</u> : (१) संक्षिप्त सूचीका उम्मेदवारमध्ये दफा १६ बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना उम्मेदवारलाई नियुक्तिका लागि उपसमितिले समिति समक्ष आदेशको दफा ६ को उपदफा (३) बमोजिम सिफारिश गर्नेछ।

(२) उपदफा (१) बमोजिम उपसमितिले सिफारिश गरेका उम्मेदवारहरूमध्येबाट एकजनालाई समितिको सिफारिसमा मन्त्रालयको सचिवले आदेशको दफा ६ को उपदफा (५) बमोजिम राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

१८. <u>प्रशासकीय प्रमुखको रुपमा काम गर्नु पर्ने</u> : आदेश बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकले प्रतिष्ठानको प्रशासकीय प्रमुखको रुपमा काम गर्नु पर्नेछ।

१९. <u>कार्यसम्पादन करार सम्झौता गर्नु पर्ने</u> : (१) समितिले सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र मन्त्रालयको सचिवले कार्यकारी निर्देशकको नियुक्त गरिसक्नु पर्नेछ र नियुक्त भएको मितिले बढीमा पन्ध्र दिनभित्र कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ।

(२) समितिको अध्यक्ष तथा मन्त्रालयका सचिवबाट नियुक्त गरिएको उम्मेदवारले नियुक्त गरेको पन्ध्र दिन भित्र नियुक्ति लिन नआएमा उपसमितिले सिफारिस गरेका अन्य दुई जना उम्मेदवार मध्ये एकलाई कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि समितिले सिफारिस गर्न सक्नेछ।

२०. <u>बाधा अडकाउ फुकाउने</u> : यो कार्यविधि कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा वाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

२१. <u>कार्यविधिको संशोधन</u> : मन्त्रालयले समितिको सिफारिसमा आवश्यक्ता अनुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

२२. <u>अनुसूचीमा थपघट वा हेरफेर</u> : मन्त्रालयले समितिको सिफारिसमा आवश्यक्ता अनुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

सदस्य-सचिव

अध्यक्ष

अनुसूची-१

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

# कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना

**.......... राष्ट्रिय दैनिकमा सूचना प्रकाशित मिति : ......../......./........**

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा ६ बमोजिम खुल्ला प्रतिष्पर्धाका आधारमा प्रतिष्ठानको कार्यकारी निर्देशक पदको पदपूर्ति गर्न यो सूचना प्रकाशित गरिएको छ। देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार स्थित पदपूर्ति सिफारिस उपसमितिको सचिवालय, सीप विकास तथा तालिम शाखामा तोकिएको ढाँचामा आवेदन दिन हुन सूचित गरिन्छ। थप जानकारीको लागि यस मन्त्रालयको वेबसाइट हेर्न वा मन्त्रालयको सीप विकास तथा तालिम शाखामा सम्पर्क गर्न सकिनेछः

१. **न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ वा कानून विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैरसरकारी संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा सङ्गठित संस्थामा अधिकृतस्तरको पदमा रही श्रम, रोजगार, उद्योग, वाणिज्य, व्यापार, प्रशासन, राजस्व, इञ्जिनियरिङ, व्यवस्थापन वा व्यावसायिक तालिमको क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको र आवेदन दिने अन्तिम मिति सम्ममा चालीस वर्ष उमेर पुगेको हुनु पर्नेछ,

२. **आवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरू :** आवेदनसाथ हालसालै खिचिएको दुईप्रति पासपोर्ट साइजको फोटो सहित देहाय बमोजिमका कागजात तथा विवरणहरु सक्कल बमोजिम नक्कल ठिक छ भनी आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछः-

   (क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर, कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण,

   (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

   (ग) शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यावसायिक अनुभवको प्रतिलिपि।

३. **<u>व्यावसायिक कार्ययोजना</u> :** उम्मेदवारले आवेदनसाथ देहायको विषयक्षेत्र समेट्ने गरी कम्तिमा पाँचहजार शब्दमा व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी मध्ये कुनै एक भाषामा पेश गर्नु पर्नेछः-



सदस्य-सचिव

अध्यक्ष

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम वजारको मागमा आधारित व्यावसायिक तालिम तथा सीप विकासका क्षेत्रमा समसामयिक स्थिति तथा प्रवृत्ति विश्लेषण (Trend Analysis),

(ख) व्यावसायिक तालिम तथा सीप विकासको क्षेत्रमा नेपाल सरकारका विभिन्न निकायहरुले सञ्चालन गरेका कार्यक्रम, परियोजना र अपेक्षित परिणामबीचको अन्तर विश्लेषण (Gap Analysis),

(ग) व्यावसायिक तथा सीप विकासको अवधारणा, आर्थिक विकासमा यसको योगदान, र विद्यमान अवस्थाको विश्लेषण (SWOT Analysis),

(घ) दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्नका लागि आवश्यक प्रर्ने प्रशिक्षण कार्यक्रम सञ्चालनका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तथा कार्ययोजना,

४. आवेदन दस्तुर वापत मन्त्रालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजश्व खातामा निम्नानुसार विवरण भरी बैंक दाखिला गरेको सक्कलै भौचर आवेदनका साथ पेश गर्नु पर्नेछ,

राजश्व खाता रहेको बैंक र शाखाः राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कार्यालय कोडः | | | | | | | | | |
| राजश्व शिर्षक नं. | | | | | | | | | |
| राजश्व खाता नं. | | | | | | | | | |

दरखास्त दस्तुर रु......................

५. सेवा सुविधा सम्बन्धी अन्य विवरण कार्यकारी निर्देशकको नियुक्ति र सेवा सुविधा आदेशमा उल्लेख भए बमोजिम हुनेछ।

६. परीक्षाको किसिम : व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ।

सदस्य-सचिव

अध्यक्ष

अनुसूची-२

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

## आवेदन फारमको ढाँचा

श्री संयोजक

पदपूर्ति सिफारिस उपसमिति

सिप विकास तथा तालिम शाखा

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, पदपूर्ति सिफारिस उपसमितिको मिति ............/........../............ गतेको .................नेपाली राष्ट्रिय दैनिकमा प्रकाशित **"कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना"** अनुसार उक्त कार्यकारी निर्देशकको पदमा रही सेवा गर्ने ईच्छा भएकोले तोकिएका आवश्यक शैक्षिक योग्यता, तालिम, अनुभव, स्वघोषणा, सिलबन्दी गरिएको व्यावसायिक कार्ययोजना र सो सँग सम्बन्धित कागजात संलग्न गरी तोकिएको ढाँचामा यो आवेदन फारम पेश गरेको छु। नियुक्त भएको अवस्थामा कार्यसम्पादन सम्झौता एवं तोकिए बमोजिमका पदीय जिम्मेवारी इमान्दारीपूर्वक पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

निकायः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

पदः कार्यकारी निर्देशक

(१) आवेदकको;

(क) नाम, थरः...............................................................................................

(ख) नागरिकता नं. मिति र जारी

जिल्लाः..............................................................................

(ग) राष्ट्रिय परीचयपत्र नम्बर/जारी मिति र जारी गर्ने निकय

.........................................

(घ) स्थायी ठेगानाः...............................................................................................

(ङ) अस्थाई

ठेगानाः...............................................................................................



सदस्य-सचिव

अध्यक्ष

(च) जन्म मितिः............../......../.........    (छ) फोन/मोवाइल नं.......................................

(छ) इमेलः.............................................    (झ) फेसबुक/ट्विटरः........................

(ज) पान नम्बरः

(२) शैक्षिक योग्यताको विवरणः

| क्र.सं. | उपाधि | विश्वविद्यालय | श्रेणी वा CGPA | उतिर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(३) अनुभवको विवरणः

| क्र सं | काम गरेको निकाय | पद | कार्य अवधि | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(४) तालिमको विवरणः

| क्र.सं. | तालिमको नाम | प्रदान गर्ने निकाय | तालिम अवधि | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(५) अध्ययन, अनुसन्धान, लेख रचना वा अन्य प्रकाशन

| क्र.सं. | प्रकाशनको नाम | प्रकाशित गर्ने निकाय | प्रकाशित मिति | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

(६) स्वघोषणाको विवरण

| क्र.सं. | विवरण | स्वघोषणा |
|---|---|---|
| १. | समितिसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ भएको/नभएको | |
| २. | आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको वा कर चुक्ता गरेको/नगरेको | |



सदस्य-सचिव

अध्यक्ष

| | | |
|---|---|---|
| ३. | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोग लागेको/नलागेको, | |
| ४. | किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको/नपाएको, | |
| ५. | प्रचलित कानून बमोजिम कालोसूचीमा परेको/नपरेको | |
| ६. | साहुको दामासाहिमा परेको/नपरेको | |
| ७. | प्रचलित कानूनद्वारा अयोग्य ठहरिएको/नठहरिएको। | |

(७) संलग्न कागजात र विवरणहरू:

| क्र.सं. | कागजात विवरण | प्रतिलिप/पृष्ठ संख्या |
|---|---|---|
| १ | नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि | |
| २ | वैयक्तिक विवरण | |
| ३ | शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि | |
| ४ | अनुभवको प्रमाणपत्रहरूको प्रतिलिपि | |
| ५ | व्यावसयिक कार्ययोजना | |
| ६ | स्वघोषणा सम्बन्धी कागजातहरू | |
| ७ | अन्य आवश्यक कागजातहरू | |
| ८ | दरखास्त दस्तुर जम्मा गरेको सक्कल बैंङ्क भौचर | |

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

| औंठाको छाप | |
|---|---|
| वायाँ | दायाँ |
| | |

दस्तखत:

मिति:

सदस्य-सचिव

अध्यक्ष

## अनुसूची-३

(दफा ९ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

**व्यावसायिक कार्ययोजना मूल्याङ्कन फारम**

कार्यकारी निर्देशक पदपूर्ति सिफारिस उपसमिति

सूचना नम्बर:

कार्ययोजना मूल्याङ्कन पूर्णाङ्क: ५०

उम्मेदवारको नाम, थर

पद: कार्यकारी निर्देशक

मिति:

दर्ता नम्बर:

| व्यावसायि कार्ययोजना मूल्याङ्कनका आधारहरु | पूर्णाक | प्राप्ताङ्क (अङ्कमा) | प्राप्ताङ्क (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|
| व्यावसायिक तथा सीप विकास क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय समसामयिक स्थिति तथा प्रवृत्ति विश्लेषण (Trend Analysis) | १० | | | |
| नेपाल सरकारका विभिन्न निकायहरुले सञ्चालन गरेका कार्यक्रम, परियोजना र अपेक्षित परिणामबीचको Gap Analysis, | १० | | | |
| व्यावसायिक तथा सीप विकासको अवधारणा, आर्थिक विकासमा यसको योगदान, र विद्यमान अवस्थाको SWOT Analysis, | १० | | | |
| राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको प्रभावकारी सञ्चालन, व्यवस्थापनको भावी रणनीति, कार्यनीति र सोको कार्यान्वयन कार्ययोजना | २० | | | |
| | | | | |
| कूल जम्मा | | | | |

माथि उल्लिखित व्यावसायिक कार्ययोजना पेश गर्ने कुनै पनि उम्मेदवार मेरो बाबा-आमा, सासु-ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, दाजु-भाउजू, भाई-बुहारी, दिदी-भिनाजु, बहिनी-ज्वाइँ, जेठाजु-जेठानी, देवर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठूलोबुबा-ठुलीआमा, सानोबुबा-सानीआमा, भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, मामा-माइजू, फुपू-फुपाजु, जेठान-जेठीसासु, साला, साली, साढुदाइ, साढुभाई र तीनका छोराछोरी नाता पर्दैन।

व्यावसायिक कार्ययोजना मूल्याङ्कन कर्ताको दस्तखत :

नाम, थर :

पद :

मिति :

सदस्य-सचिव



अध्यक्ष

अनुसूची-४

(दफा ९ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

कार्यकारी निर्देशक पदपूर्ति सिफारिस उपसमिति

**<u>संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूको एकिकृत मूल्याङ्कन फारम</u>**

| क्र. सं. | उम्मेदवारको नाम थर | शैक्षिक योग्यता | अनुभव | व्यावसायिक कार्ययोजना | कूल प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | अङ्कमा | अक्षरमा | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

.................. विज्ञ

............ विज्ञ सदस्य

............... सदस्य

............... संयोजक

सदस्य-सचिव

अध्यक्ष

**अनुसूची-५**

(दफा ९ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कन फारम**

कार्यकारी निर्देशक पदपूर्ति सिफारिस उपसमिति

सूचना नम्बरः

पदः कार्यकारी निर्देशक

कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कन पूर्णाङ्कः ३०

मितिः

उम्मेदवारको नाम,थर

**मूल्याङ्कनका आधारः**

सूचना प्रविधिको उपयोग, व्यावसायिक योजनाको अवधारणात्मक स्पष्टता, सूचनाहरूको विश्लेषण क्षमता, आत्मविश्वासको तह, प्रस्तुतीकरण शैली र सीप, समयपालना र अनुशासन, समस्याको पहिचान र सुधारका लागि भविश्यपरक दृष्टिकोण, कार्यान्वयन कार्ययोजना र मूल्याङ्कन बिधि, नेतृत्व क्षमता आदि

| क्र. सं. | उम्मेदवारको नाम थर | कूल प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| | | | | |
| | | | | |

माथि उल्लिखित प्रस्तुतीकरणमा सहभागी कुनै पनि उम्मेदवार मेरो बाबा-आमा, सासु-ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, दाजु-भाउजू, भाई-बुहारी, दिदी-भिनाजु, बहिनी-ज्वाइँ,जेठाजु-जेठानी, देवर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठूलोबुबा-ठुलीआमा, सानोबुबा-सानीआमा, भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, मामा-माइजू, फुपू-फुपाजु, जेठान-जेठीसासु, साला, साली, साढुदाइ, साढुभाई र तीनका छोराछोरी नाता पर्दैन ।

प्रस्तुतीकरण मूल्याङ्कन कर्ताको दस्तखतः

नाम, थरः

पद :

मितिः



सदस्य-सचिव

अध्यक्ष

अनुसूची-६

(दफा ९ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## अन्तर्वार्ताको मूल्याङ्कन फारम

कार्यकारी निर्देशक पदपूर्ति सिफारिस उपसमिति

सूचना नम्बरः

अन्तर्वार्ता मूल्याङ्कन पूर्णाङ्कः २०

पदः कार्यकारी निर्देशक

मितिः

| क्र. सं. | उम्मेदवारको नाम थर | कूल प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| | | | | |
| | | | | |

माथि उल्लिखित प्रस्तुतीकरणमा सहभागी कुनै पनि उम्मेदवार मेरो बाबा-आमा, सासु-ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, दाजु-भाउजू, भाई-बुहारी, दिदी-भिनाजु, बहिनी-ज्वाइँ, जेठाजु-जेठानी, देवर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठूलोबुबा-ठुलीआमा, सानोबुबा-सानीआमा, भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, मामा-माइजू, फुपू-फुपाजु, जेठान-जेठीसासु, साला, साली, साढुदाइ, साढुभाई र तीनका छोराछोरी नाता पर्दैन ।

अन्तर्वार्ता मूल्याङ्कन कर्ताको दस्तखतः

नाम, थरः

पद :

मितिः

अध्यक्ष

सदस्य-सचिव

# अनुसूची-७

(दफा १० र ११ सँग सम्बन्धित)

## शैक्षिक योग्यता र अनुभवको अङ्क गणना फारम

कार्यकारी निर्देशक पदपूर्ति सिफारिस उपसमिति

सूचना नम्बरः

शैक्षिक योग्यता र अनुभवको पूर्णाङ्कः ५०

पदः कार्यकारी निर्देशक

दर्ता नम्बरः

मितिः

| क्र.सं. | उम्मेदवारको नाम,थर | न्यूनतम शैक्षिक योग्यता वापत पूर्णाङ्क-२० | अनुभवको अङ्क गणना | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | न्यूनतम अनुभव वापत पूर्णाङ्क-२० | १० वर्ष भन्दा बढी अवधिको अनुभवको प्राप्ताङ्क | अङ्कमा | अक्षरमा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

............ सदस्य

............... सदस्य

............... सदस्य

.................. संयोजक

सदस्य-सचिव

अध्यक्ष

अनुसूची-८

(दफा १६ सँग सम्बन्धित)

दफा ९ को खण्ड “क” र खण्ड “ख” बमोजिमको मूल्याङ्कनबाट प्राप्त अङ्कको गणना फारम

कार्यकारी निर्देशक पदपूर्ति सिफारिस उपसमिति

**संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूको एकिकृत मूल्याङ्कन फारम**

| क्र. सं. | दफा ९ को खण्ड “क” मूल्याङ्कन | | | | | दफा ९ को खण्ड “ख” मूल्याङ्कन | | | दुवै खण्डको जम्मा प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उम्मेदवारको नाम थर | शैक्षिक योग्यता | अनुभव | व्यावसायिक कार्ययोजना | जम्मा | व्यावसायिक कार्ययोजना प्रस्तुती | अन्तर्वार्ता | जम्मा | अङ्कमा | अक्षरमा |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |

.................. ............ ............... ..................

विज्ञ सदस्य सदस्य संयोजक

सदस्य-सचिव

अध्यक्ष